प्रविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

**गण्डकी प्रदेश, प्रदेश कार्यालय**

पोखरा,

## तालिमको आवश्यकता पहिचान गरी माग गर्ने सम्बन्धी जरुरी सूचना

यस कार्यालयको चालु आर्थिक वर्ष २०७८।०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार प्रदेश भित्रका युवा जनशक्तिहरूलाई उत्पादन तथा रोजगारीमा जोड्नका लागि छोटा अवधिको तालिम मार्फत सिपयुक्त जनशक्ति उत्पादन गर्ने व्यवस्था रहेको व्यहोरा जानकारीका लागि अनुरोध छ। तालिम सञ्चालन पूर्व आवश्यकता तथा रोजगारिका सम्भावना पहिचान गर्नका लागि विभिन्न मिति र स्थानमा यस प्रदेश कार्यालयबाट प्रदेश भित्रका विभिन्न स्थानिय तह, उद्योगी व्यवसायी र रोजगारदाताका साथै सम्वन्धित सरोकारवालाहरुसँग छलफल तथा अन्तर्क्रिया गरीदै आईएको व्यहोरा समेत यहाँहरुलाई जनाकारीनै छ । अत स्थानीय स्तरको आवश्यकता र रोजगारीका सम्भावनका आधारमा तालिमहरु सञ्चालन गर्न नजिकका पालिका, उद्योग वाणिज्य संघ, बैदेशिक रोजगारबाट फर्केका युवाहरुको सञ्जाल र अन्य रोजगारादाताहरुसँग समन्वय गर्दै तालिमको माग संकलन गरी २०७८ फाल्गुन १५ गते भित्र पेश गर्न प्रदेश भित्रका सवै आङ्गिक, साझेदार, प्राविधिक धार र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन भएका विद्यालयहरूलाई पून: अनुरोध गरिन्छ । तालिम माग गर्ने शिक्षालय विद्यालयहरुले गत वर्ष सञ्चालन भएका तालिम पुरा गरी सीप परीक्षणका लागि विवरण पेश गर्नुहुन समेत सूचित गरिन्छ ।

**निर्देशक**